जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २९५ २०८२ साल असार १७ गते मंगलबार (1 July 2025 Tuesday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : निजामती विधेयक प्रतिनिधिसभा... ३ पृष्ठमा : 'नागरिक उड्डयन... ३ पृष्ठमा : पाकिस्तानमा बाढीका ...

# एसइईको नतिजाले सप्तरीको शिक्षामा प्रश्न चिन्ह

**दैनिक समाचारदाता**
**राजविराज, १६ असार ।**

माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८१ को नतिजाले सप्तरीको शिक्षा क्षेत्रमा प्रश्न चिन्ह खडा गरेको छ । उक्त परीक्षाको परिणामले जिल्लाको शिक्षा क्षेत्र कमजोर देखाएको छ ।

शुक्रबार साँझ सार्वजनिक भएको नतिजामा सप्तरीबाट ३५ दशमलव ३९ प्रतिशत विद्यार्थी मात्र ग्रेडिङमा परेका छन् । यसले यहाँको शिक्षाको गुणस्तरमाथी प्रश्न चिन्ह त खडा गरेकै छ भने अर्कोतिर शिक्षकहरुको शिक्षा दिने विधिमा पनि औला ठड्याउने बाटो खुलेको छ ।

वि.सं. २०८१ चैतमा लिइएको एसइईमा परीक्षामा जिल्लाबाट ९२ सामुदायिक विद्यालय ५२ संस्थागत विद्यालय गरी एक सय ४४ विद्यालयका ८ हजार चार सय ४४ जना सहभागी भएका थिए । त्यसमध्ये २ हजार आठ सय ६९ विद्यार्थी विभिन्न ग्रेड ल्याएर उत्तीर्ण भएका छन् भने




५ हजार दुई सय ३८ जना विद्यार्थी कुनै पनि ग्रेड ल्याउन सकेनन् ।

ठुलो संख्यामा विद्यार्थी ननग्रेड (एनजी) मा परेको शिक्षा विकास तथा समन्वय एकाइ सप्तरीका शाखा अधिकृत कमलनाथ यादवले जानकारी दिएका छन् ।

सप्तरीबाट ३ दशमलव ६० देखि ४ जिपिए २७४ जना, ३ दशमलव २० देखि ३ दशमलव ६० जिपिए ७ सय ६९ जना, २ दशमलव ८० देखि ३ दशमलव ८० जिपिए १ हजार १ सय ५७ जना, २ दशमलव ४० देखि २ दशमलव ८० जिपिए ६ सय ४३ जना र २ देखि २ दशमलव ४० देखि ४ जिपिए २६ जनाले प्राप्त गरेको उनले बताए ।

शिक्षा विकास तथा समन्वय एकाइ सप्तरीका प्रमुख शशी यादवले अन्य जिल्लाको एसइई नतिजालाई हेर्दा तुलनात्मक रूपमा सप्तरीको ग्रेडिङ प्रतिशत न्यून रहेको बताए ।

नेपाल शिक्षक संघ मधेश प्रदेशका अध्यक्ष एवम् कन्छु नरप्रताप माध्यमिक विद्यालय नकटी रायपुरका प्रधानाध्यापक परशुराम यादवले सप्तरीको नतिजा सन्तोषजनक नरहेको बताउँदै गत वर्ष कम विद्यार्थी ग्रेडिङमा परेको प्रति चिन्ता व्यक्त गरे । उनले कक्षा ८ मा हुने पालिका स्तरिय परीक्षाको नतिजालाई विश्लेषण गरी त्यसै अनुसारको नीति लिएर गुणस्तरीय शिक्षाका लागि सरोकारवाला पक्षले काम गर्नुपर्ने आवश्यकता रहेको समेत बताए ।

# जिल्ला प्रशासन कार्यालयमै पाकेटमारी गरेको आरोपमा एक वृद्ध पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, १६ असार ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीमा सोमबार सेवाग्राहीको पाकेटमार्दै गर्दा एक वृद्ध पक्राउ परेका छन् ।

जिल्ला प्रशासन कार्यालयमा नागरिकता बनाउन लाईनमा बसेका राजगढ गाउँपालिका ६ का जाकिर खाँको पाकेट मार्दै गर्दा सुरुङ्गा नगरपालिका १

*बाँकी तीन पृष्ठमा*

# राजगढमा सभागृह बन्दै



**दैनिक समाचारदाता**
**राजविराज, १६ असार ।**

सप्तरीको राजगढ गाउँपालिकामा सभागृह निर्माण हुने भएको छ । आर्थिक वर्ष २०८१/०८२ मा सभागृह भवनका लागि आवश्यक बजेट विनियोजन गरिएको हो ।

*बाँकी अन्तिम पृष्ठमा*

# ग्यास चुलो सँग स्वस्थ्य जिवन शैलीको शुरुवात




**दीपा यादव/आरके यादव**
**(प्रशिक्षार्थी पत्रकार)**
**राजविराज, १६ असार ।**

सप्तरीको विष्णुपुर गाउँपालिका वडा नं. ५ का एक सय २० परिवारलाई सोमबार ग्यास चुलो वितरण गरिएको छ ।

धुवाँरहित पालिका बनाउने उद्देश्यले पालिका भित्रका विभिन्न परिवारहरुलाई ग्यास चुलो वितरण गरिएको हो ।

गाउँपालिका परिसरमा आयोजित विभिन्न परिवारहरुलाई ग्यास चुलो वितरण कार्यक्रममा गाउँपालिका अध्यक्ष उमेशप्रसाद यादवले वडा नम्बर ५ का एक सय २० परिवारलाई ग्यास चुलो वितरण गरेका छन् ।

ग्यास चुलो वितरण गर्दै अध्यक्ष यादवले धुवाँ मुक्त पालिका बनाउने नीति अनुसार गरिव तथा विपन्न परिवारलाई निशुल्क ग्यास चुलो वितरण गरिएको बताए ।

यसले घर परिवारलाई धुवाँमुक्त बनाउने, स्वास्थ्यमा सुधार ल्याउने र दाउराको प्रयोग कम हुने अध्यक्ष यादवले विश्वास व्यक्त गरे । उनले यो कार्यक्रम निरन्तर जारी राख्ने प्रतिवद्धता समेत जनाए ।

पालिका भित्रका सबै गरिव विपन्न परिवारलाई ग्यास चुलो उपलब्ध गराईने बताउँदै वडा नम्बर १ मा २७९, वडा नम्बर २ मा २१९, वडा नम्बर ३ मा १३९, वडा नम्बर ४ मा २२३, वडा नम्बर ५ मा २३०, वडा नम्बर ६ मा २३० र वडा नम्बर ७ मा २१९ परिवार गरि कूल एक हजार पाँच सय ३९ परिवारलाई ग्यास चुलो वितरण गरिने अध्यक्ष यादवले जानकारी दिए ।

उनले आगामी आर्थिक बर्षमा महिला सशक्तिकरण योजना अन्तर्गत ग्यास सिलिण्डर पनि वितरण गरिने प्रतिवद्धता जनाए ।

ग्यास चुलो पाएपछि खुशी व्यक्त गर्दै स्थानियहरुले अब खाना पकाउनमा समय कम लाग्ने, दाउराको प्रयोग घट्ने र स्वच्छ उर्जाको प्रयोग हुनुका

*बाँकी तीन पृष्ठमा*



## सम्पादकीय

### युवाहरु ध्यान देउ

नेपालमा रोजगारीको अवस्था सृजना हुन नसक्दा अहिले यहाँका युवाहरु विदेशमा रोजगारीका लागि जाने क्रम बढ्दो छ। वर्षेणी लाखौंको संख्यामा नेपालबाट अन्य मुलुक रोजगारीका लागि जाने गरेको तथ्याङ्कले देखाएको छ। आ.ब.२०८१/०८२ को जेठ महिना सम्मको अवधिमा सप्तरी जिल्लाबाट विभिन्न मुलुकमा रोजगारीका लागी २ सय २९ महिला र १६ हजार ८ सय ९३ पुरुष गरी कुल १७ हजार १ सय २२ जना जनशक्ती बाहिरिएको उल्लेख छ।

यसरी सप्तरीबाट झण्डै २० हजारको हाराहारीमा बिदेशिनुले मुलुकको रोजगारीको अवस्था कमजोर रहेको दर्शाउछ। विदेश गएका मध्येबाट २४ जनाको ज्यान गएको छ। यसरी ज्यान गुमाउनेहरुमा सप्तरीको खडक नगरपालिका, तिरहुत गाउँपालिका र रुपनी गाउँपालिकाका ३/३ जना छन। यस्तै डाक्नेश्वरी नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, कंचनरुप नगरपालिका, महादेवा गाउँपालिका र बलान बिहुल गाउँपालिकाका २/२ तथा राजविराज नगरपालिका, सप्तकोशी नगरपालिका, शम्भुनाथ नगरपालिका, राजगढ गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिकाका १/१ जना नेपाली युवाले विदेशी भूमीमा ज्यान गुमाएको तथ्याङ्कले देखाएको छ।

तसर्थ सकेसम्म स्वदेशमै रोजगारी गर्ने होइन भने विदेश नै जानु परेमा सहि सूचना तथा सीप सिकेर मात्र जानु पर्ने माहौल सिर्जनाका लागी सरोकारवाला निकायका साथै युवाहरुले पनि ध्यान दिनु आवश्यक छ।

# निजामती विधेयक प्रतिनिधिसभाबाट पारित, प्रशासनिक क्षेत्रमा आमूल सुधारको अपेक्षा

**भीष्मराज ओझा**
काठमाडौँ, १६ असार (रासस)।

प्रतिनिधिसभाको आइतबारको बैठकबाट बहुप्रतिक्षित 'सङ्घीय निजामती सेवा विधेयक २०८२' पारित भएको छ। अब यो विधेयक राष्ट्रियसभाबाट पारित भई ऐनका रूपमा लागू हुनेछ।

प्रतिनिधिसभाबाट पारित यो विधेयकले मुलुकमा सङ्घीयता लागू भएपछि झण्डै १० वर्षसम्म देखिएका प्रशासनिक चुनौतीहरूलाई चिर्नेछ। सङ्घीयतामा प्रशासनको उचित व्यवस्थापन भई संविधानको कार्यान्वयन प्रभावकारी रूपमा अघि बढ्ने अपेक्षा गरिएको छ। प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले सङ्घीय निजामती विधेयकलाई लामो समयसम्म रौं चिरा छलफल गरी सर्वसम्मतीले पारित गरेको थियो।

समितिका सभापति रामहरि खतिवडाले राससससँग कुरा गर्दै संविधानपछिको महत्वपूर्ण कानुनी दस्तावेज प्रतिनिधिसभाबाट पारित भएको भन्दै खुसी व्यक्त गर्नुभयो। उहाँले सरुवा बढुवामा तजबिजी अधिकारको अन्त्य गरी अनुमानयोग्य प्रणाली स्थापित हुने बताउनुभयो। यो कानुनले तीनै तहमा समन्वयकारी भूमिका निर्वाह गर्ने र एक मन्त्रालयमा एक सचिव मात्र रहने व्यवस्था गरिएको उहाँले जानकारी गराउनुभयो।

"यस कानुनले स्थानीय र प्रदेश तहका कर्मचारीको सङ्घमा सरुवा हुने बाटो खोल्ने छ, सुविधाका हिसाबले 'क' समूहमा बसेको कर्मचारी 'घ' समूहमा र 'घ' समूहमा बसेको कर्मचारी 'क' समूहमा जानुपर्ने निश्चित भएको छ। तीन महिना वा ६ महिनामा सरुवा हुने विकृतिको अब अन्त्य हुनेछ," सभापति खतिवडाले भन्नुभयो, "सरुवा र बढुवालाई पहिलो पटक ऐनमै हुने गरी स्पष्ट पारिएको छ। अब सरुवामा चक्रिय प्रणाली र बढुवामा पूर्वानुमायोग्य भई यसलाई कार्यसम्पादनसँग जोडिएको छ।"

मुलुक सङ्घीय संरचनामा गइसकेपछि कार्यान्वयनमा आउन लागेको यस कानुनले प्रशासकीय व्यवस्थापनका साथै तीनै तहमा तहगत प्रणाली लागू हुनेछ। विधेयकले प्रवेशको उमेर हद पुरुषलाई ३५ वर्ष र महिलालाई ३९ वर्ष निर्धारण गरेको छ। अवकाशको उमेर हद ५८ बाट बढाएर ६० पुऱ्याइएको छ भने विधेयक पारित भएको वर्ष ५८, अर्को वर्ष ५९ र तेस्रो वर्ष ६० वर्षको उमेर हद लागू हुनेछ। त्यस्तै कार्यरत कर्मचारीको मनोबल बढाउने उद्देश्यका साथ सहसचिवको खुला प्रवेशलाई रोक लगाएको छ। त्यस्तै सचिवको अवधि चार वर्ष र मुख्य सचिवको अवधि दुई वर्ष कायम हुनेछ।

समितिका सदस्यसमेत रहनुभएका नेपाली कांग्रेसका नेता दिलेन्द्रप्रसाद बडूले यो विधेयक जनतामुखी र सेवाग्राही केन्द्रित भएको बताउनुभयो। विधेयकले सेवा प्रवेशको व्यवस्थापन गरी कार्यसम्पादन बढुवा र आन्तरिक प्रतिस्पर्धालाई बढी प्रोत्साहन गरेको उहाँले जानकारी दिनुभयो।

सङ्घीयताअनुसार प्रदेश सचिव स्थानीय तहमा प्रमुख प्रशासकीय प्रदेश निजामतीकै हुने व्यवस्था विधेयकले गरेको जानकारी दिँदै उहाँले भन्नुभयो, "यसमा प्रदेश निजामतीका कर्मचारीको व्यवस्था नहुन्जेल १० वर्षसम्म सङ्घले एकमुष्ट प्रदेशलाई कर्मचारीको सूची प्रदान गरिनेछ। यद्यपि प्रदेशको प्रमुख सचिव भने सङ्घको हुने विधेयकमा व्यवस्था छ।"

यस विधेयकको महत्वपूर्ण अर्को विशेषता भनेको कर्मचारीलाई अवकाशपछि दुई वर्षसम्म कुनै पनि संवैधानिक निकायमा नियुक्ति गर्न नहुने 'कुलिङ पिरियड' को व्यवस्था हो। नेता बडूले यस व्यवस्थाले प्रशासनिक क्षेत्रमा हाल देखिएका बेथिति अन्त्य गर्ने र सुशासन बढाउनुका साथै जवाफदेहिता कायम हुने विश्वास व्यक्त गर्नुभयो।

सभामुख देवराज घिमिरेले 'सङ्घीय निजामती सेवा विधेयक, २०८२' आइतबार प्रतिनिधिसभाबाट पारित भएको जानकारी गराउँदै सङ्घीयताको सफल कार्यान्वयनका लागि आवश्यक कानुनी पूर्वाधारमध्ये यो विधेयक एक ऐतिहासिक र दूरगामी प्रभाव पार्ने नीतिगत प्रस्थान विन्दुको रूपमा लिएको उल्लेख गर्नुभयो।

# 'नागरिक उड्डयन प्राधिकरणको संरचनागत सुधार जरुरी'

काठमाडौँ, १५ असार (रासस)।

मुलुकको हवाई क्षेत्रलाई व्यवस्थित र सुरक्षित तुल्याउन संस्थागत संरचना सुधारेर सेवालाई चुस्त बनाइनुपर्नेमा विज्ञ एवं सरोकारवालाहरुले जोड दिनुभएको छ। उहाँहरुले हालको अवस्थामा नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई विभाजन भन्दा पनि संस्थागत सुधारको खाँचो औंल्याउनुभयो।

प्रतिनिधिसभाअन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सोमबारको बैठकमा नेपाल सरकारका पूर्वसचिव किशोर थापाले क्यानको संरचनागत सुधार गरेर जानुपर्ने खाँचो औंल्याउनुभयो। फ्रान्सलगायत विश्वका अन्य मुलुकमा पनि 'अथोरिटी बडी' एउटै रहेको उदाहरण प्रस्तुत गर्दै नेपालको सन्दर्भमा दुई अलग निकाय बनाउन जरुरी नरहेको बताउनुभयो।

पूर्वसचिव थापाले भन्नुभयो, "अलग-अलग दुईवटा प्राधिकरण गठन नगरौं। हालको प्राधिकरणलाई अझ व्यवस्थित गरौं। पर्यटन मन्त्रालयको महाशाखालाई बलियो बनाऔं। हवाई विभागको संरचना बनाएर अगाडि बढ्न सकिन्छ, त्यसैले हतारमा विधेयक पारित गराउनेतर्फ नलागौं।"

नेपाल हवाई सेवा प्राधिकरण विधेयकमा गैरसैनिक हवाई उडान ऐन, २०१५ को प्रावधान केही पनि उल्लेख नगरेर त्रुटी गरेको उहाँले दाबी गर्नुभयो।

क्यानका पूर्वमहानिर्देशक रतिश चन्द्रलाल सुमनले अलग-अलग निकाय बनाउँदैमा हवाई सुरक्षाप्रणालीमा सुधार आउन नसक्ने जिकिर गर्नुभयो। उहाँले क्यान सेवाप्रदायकमा बढी केन्द्रित भएको र नियामकीय काममा ध्यान नदिएकाले हवाई सुरक्षाअभिवृद्धि हुन नसकेको उल्लेख गर्नुभयो। "सुरक्षामा जति बजेट हुनुपर्ने हो त्यो छैन। विमानस्थल सेवामा नाफामात्रै हेरेर हुँदैन हवाई सुरक्षामा पनि लगानी बढाउनुपर्छ।"

विस २०८१ माघ १९ गते प्रतिनिधिसभामा नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०८१ दर्ता भएको थियो। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले समितिका सदस्यहरुले हवाई सुरक्षालाई राम्रो बनाउन के कस्ता उपायहरु अबलम्बन गर्न सकिन्छ भनेर विज्ञहरुसँग जिज्ञाशा राख्नुभएको थियो।

समितिका सभापति राजकिशोर यादवले मुलुकको हवाई सेवालाई व्यवस्थित र सुरक्षित बनाउन के कस्ता उपायहरु अपनाउन सकिन्छ र प्रतावित नेपाल हवाई सेवा प्राधिकरण विधेयकमा समेटनुपर्ने विषयबारे विज्ञहरुबाट रायसुझावका लागि बैठकमा छलफल गरिएको जानकारी दिनुभयो।

समितिले हवाई सेवा प्राधिकरण विधेयकमाथि विज्ञहरुबाट सुझाव लिएको हो। विज्ञहरुले विधेयकका प्रावधान र समेटनुपर्ने विषयमा समितिलाई प्रस्तुतिकरण दिनुभएको थियो।

# संयुक्त राष्ट्रसङ्घको 'विकासका लागि वित्तसम्बन्धी चौथो अन्तरराष्ट्रिय सम्मेलन सुरु

**प्रकाश सिलवाल**
स्पेन, १६ असार (रासस)।

संयुक्त राष्ट्रसङ्घको 'विकासका लागि वित्त' सम्बन्धी चौथो अन्तर्राष्ट्रिय सम्मेलन स्पेनको सेभियास्थित फेबिस प्रदर्शनी केन्द्रमा सोमबारदेखि सुरू भएको छ।

सम्मेलनमा नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीसहित विश्वका राष्ट्रप्रमुख तथा सरकार प्रमुख र प्रतिनिधिहरू सहभागी हुनुहुन्छ। उद्घाटनसत्रमा स्पेनका नरेश फिलिप द्वितीय, स्पेन सरकारका अध्यक्ष (प्रधानमन्त्री) पेड्रो साञ्चेज, संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटेरेसले सम्बोधन गर्नुभयो।

उद्घाटनसत्रमा प्रधानमन्त्री ओलीका साथ प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई, संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगका स्थायी प्रतिनिधि लोकबहादुर थापा, परराष्ट्र मन्त्रालयका शिष्टाचार महापाल कुमारराज खरेल सहभागी हुनुहुन्छ।

'इन्टरनेसनल कन्फरेन्स अन फाइनान्सिङ फर डेभलपमेन्ट अफ युनाइटेड नेसन्स् (एफएफडि-४)' का लागि राष्ट्रसङ्घका महासचिव गुटेरेस र स्पेनका प्रधानमन्त्री साञ्चेजको मैत्रीपूर्ण निमन्त्रणमा प्रधानमन्त्री ओलीबाट यो भ्रमण भएको हो। विकासका लागि वित्तसम्बन्धी यो सम्मेलनमा विश्वका सबै सरकारका नेताहरू, विश्व र क्षेत्रीय संस्था, वित्तीय र व्यापारिक संस्था, व्यवसायी, नागरिक समाज र संयुक्त राष्ट्र प्रणालीका सम्बन्धित प्रतिनिधिहरू जुटेका छन्।

नेपालले अल्पविकसित, साना र टापु मुलुकको आवाजसमेतलाई अगुवाइ गर्दै सम्मेलनमा वकालत गर्नेछ। धनी मुलुकले गरिब र साना मुलुकका लागि गरेका लगानी प्रतिबद्धताको कार्यान्वयनका

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘नागरिक उड्डयन प्राधिकरणको संरचनागत सुधार जरुरी’

काठमाडौँ, १६ असार (रासस)।

मुलुकको हवाई क्षेत्रलाई व्यवस्थित र सुरक्षित तुल्याउन संस्थागत संरचना सुधारेर सेवालाई चुस्त बनाइनुपर्नेमा विज्ञ एवं सरोकारवालाहरुले जोड दिनुभएको छ। उहाँहरुले हालको अवस्थामा नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई विभाजन भन्दा पनि संस्थागत सुधारको खाँचो औँल्याउनुभयो।

प्रतिनिधिसभाअन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको आइतबारको बैठकमा नेपाल सरकारका पूर्वसचिव किशोर थापाले क्यानको संरचनागत सुधार गरेर जानुपर्ने खाँचो औँल्याउनुभयो। फ्रान्सलगायत विश्वका अन्य मुलुकमा पनि ‘अथ्योरिटी बडी’ एउटै रहेको उदाहरण प्रस्तुत गर्दै नेपालको सन्दर्भमा दुई अलग निकाय बनाउन जरुरी नरहेको बताउनुभयो।

पूर्वसचिव थापाले भन्नुभयो, “अलग-अलग दुईवटा प्राधिकरण गठन नगरौँ। हालको प्राधिकरणलाई अझ व्यवस्थित गरौँ। पर्यटन मन्त्रालयको महाशाखालाई बलियो बनाऔँ। हवाई विभागको संरचना बनाएर अगाडि बढ्न सकिन्छ, त्यसैले हतारमा विधेयक पारित गराउनेतर्फ नलागौँ।”

नेपाल हवाई सेवा प्राधिकरण विधेयकमा गैरसैनिक हवाई उडान ऐन, २०१५ को प्रावधान केही पनि उल्लेख नगरेर त्रुटी गरेको उहाँले दाबी गर्नुभयो।

क्यानका पूर्वमहानिर्देशक रतिश चन्द्रलाल सुमनले अलग-अलग निकाय बनाउँदैमा हवाई सुरक्षाप्रणालीमा सुधार आउन नसक्ने जिकिर गर्नुभयो। उहाँले क्यान सेवाप्रदायकमा बढी केन्द्रित भएको र नियामकीय काममा ध्यान नदिएकाले हवाई सुरक्षाअभिवृद्धि हुन नसकेको उल्लेख गर्नुभयो। “सुरक्षामा जति बजेट हुनुपर्ने हो त्यो छैन। विमानस्थल सेवामा नाफामात्रै हेरेर हुँदैन हवाई सुरक्षामा पनि लगानी बढाउनुपर्छ।”

विस २०८१ माघ १९ गते प्रतिनिधिसभामा नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०८१ दर्ता भएको थियो। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले समितिका सदस्यहरुले हवाई सुरक्षालाई राम्रो बनाउन के कस्ता उपायहरु अबलम्बन गर्न सकिन्छ भनेर विज्ञहरुसँग जिज्ञाशा राख्नुभएको थियो।

समितिका सभापति राजकिशोर यादवले मुलुकको हवाई सेवालाई व्यवस्थित र सुरक्षित बनाउन के कस्ता उपायहरु अपनाउन सकिन्छ र प्रतावित नेपाल हवाई सेवा प्राधिकरण विधेयकमा समेट्नुपर्ने विषयबारे विज्ञहरुबाट रायसुझावका लागि बैठकमा छलफल गरिएको जानकारी दिनुभयो।

समितिले हवाई सेवा प्राधिकरण विधेयकमाथि विज्ञहरुबाट सुझाव लिएको हो। विज्ञहरुले विधेयकका प्रावधान र समेट्नुपर्ने विषयमा समितिलाई प्रस्तुतिकरण दिनुभएको थियो।

# रुपन्देही-३ मा उपनिर्वाचन आगामी कात्तिक १७ गते

रुपन्देही, १६ असार (रासस)।

रुपन्देही क्षेत्र नं-३ मा प्रतिनिधिसभा सदस्यको रिक्त पदपूर्तिका लागि आगामी कात्तिक १७ गते उपनिर्वाचन हुने भएको छ। निर्वाचन आयोगले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै उपनिर्वाचनको मिति तोकेको हो।

रुपन्देही क्षेत्र नं ३ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य दीपक बोहराको चैत १९ गते निधन भएकाले यहाँ उपनिर्वाचन हुनेभएको छ। विसं २०७९ मङ्सिर ४ गते सम्पन्न आमनिर्वाचनमा बोहरा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) तत्कालीन गृहमन्त्री बालकृष्ण खाँणलाई पराजित गर्दै विजयी हुनुभएको थियो।

“प्रतिनिधिसभाको कार्यकाल ६ महिना बढी अवधि बाँकी रहँदै कुनै सदस्यको स्थान रिक्त भएमा त्यस्तो स्थान जुन निर्वाचन प्रणालीबाट पूर्ति भएको थियो सोही प्रक्रियाद्वारा पदपूर्ति गरिनेछ,” भन्ने संविधानको धारा ८४ को उपधारा ७ अनुसार उपनिर्वाचनको मिति तोक्नुपर्ने संवैधानिक एवं कानुनी व्यवस्थाअनुसार चैत १७ गते उपनिर्वाचनको मिति तोकिएको आयोगकी सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

अब रिक्त पदपूर्तिका लागि संविधान र निर्वाचन कानुनअनुसार तय गरिएको उपनिर्वाचन मितिअनुसार आवश्यक प्रक्रिया सञ्चालन हुनेछ। निर्वाचन आयोगले चाँडै मतदाता नामावली, उम्मेदवारी दर्ता, आचारसंहितालगायतका कार्यतालिका सार्वजनिक गर्ने जनाएको छ।

रुपन्देही निर्वाचन क्षेत्र नं ३ मा सिद्धार्थनगर नगरपालिका र शुद्धोधन गाउँपालिकाको सबै वडासहित बुटवल उपमहानगरपालिका-१४, १५, १६, १७, १८ र १९, ओमसतिया गाउँपालिकाको वडा नं २, मायादेवी गाउँपालिकाको वडा नं ७ र ८, तिलोत्तमा नगपालिका-१३ र १४ तथा सियारी गाउँपालिका-१, २, ३, ६ र ७ रहेको छ।

यसैबीच, निर्वाचन आयोगले अर्को सूचना जारी गर्दै यही असार १७ गतेदेखि अर्को सूचना जारी नभएसम्मका लागि मतदाता नामावली दर्ता स्थगन गरेको जनाएको छ। निर्वाचनको मिति घोषणा भइसकेकाले निर्वाचन प्रक्रियाका लागि मतदाता नामावाली दर्ता नहुने व्यवस्था भएकाले नियमित रूपमा भइरहेको मतदाता नामावली अर्को व्यवस्था नभएसम्मका लागि स्थगन गरिएको भनी विज्ञप्तिमा उल्लेख छ।

### संयुक्त राष्ट्रसङ्घको...

लागि पनि सम्मेलनमा छलफल हुनेछ। सन् २०३० सम्म पूरा गर्नुपर्ने राष्ट्रसङ्घीय दिगो विकास लक्ष्यका लागि अन्तरराष्ट्रिय सहयोगलाई बढावा दिन यो मञ्च महत्त्वपूर्ण हुने ठानिएको छ।

विश्वस्तरको वित्तीय संरचनामा सुधार गर्दै दिगो विकासका लागि तत्काल र दीर्घकालका लागि आवश्यक सहयोग र लगानीको चुनौतीमा सम्मेलन केन्द्रित रहनेछ। यसले दिगो विकास, विकासका लागि वित्त र खासगरी विकास सहायता, लगानी, प्रविधि हस्तान्तरणलगायत मुद्दामा छलफल र निष्कर्ष निकाल्नेछ।

# प्रादेशिक अस्पताल सिरहामा आकस्मिकबाहेक सेवा ठप्प

सिराहा, १६ असार (रासस)।

प्रादेशिक अस्पताल सिराहामा आकस्मिकबाहेक सबै स्वास्थ्य सेवा ठप्प भएको छ। सिराहा नगरपालिका-६ का १२ वर्षीय राजन महराको उपचारका क्रममा आइतबार भएको मृत्यु घटनालाई लिएर उत्पन्न विवादपछि चिकित्सकले शान्ति सुरक्षाको माग गर्दै बहिरङ्ग सेवा (ओपीडी) बन्द गरेका हुन्।

उपचारका क्रममा बालकको निधन भएपछि पीडित परिवारका सदस्य, आफन्तजन र स्थानीय जनप्रतिनिधिलगायतले अस्पताल परिसरमै हुलहुज्जत, अभद्र व्यवहार तथा गालीगलौज गरेकाले सेवा दिन नसकिएको चिकित्सकले जनाएका छन्।

सोमबार चिकित्सकहरूद्वारा जारी गरिएको प्रेस विज्ञप्तिमा भनिएको छ, “अस्पताल जस्तो संवेदनशील स्थानमा दुर्व्यवहार र आक्रमण सहन योग्य छैन। हामी शान्ति सुरक्षा सुनिश्चित गर्न र दोषीमाथि कडा कारबाही गर्न माग गर्दछौँ।”

मृतक परिवारका सदस्य, आफन्तजन र स्थानीय जनप्रतिनिधिले अस्पतालको लापरबाहीका कारण मृत्यु भएको भन्दै आइतबार अस्पताल अगाडि नाराबाजी गरेका थिए। भीड नियन्त्रण गर्न प्रहरीले दर्जनौँ राउण्ड अश्रुग्यास प्रहार गरेको थियो।

आइतबार नै सिरहा नगरपालिका–६ का वडाध्यक्ष इन्द्रजित यादवसहितलाई प्रहरी पक्राउ गरेको थियो। उनीहरूको रिहाइको माग गर्दै पीडित परिवारले बालकको शव बुझेको छैन।

ओपिडी सेवा ठप्प भएपछि जिल्लाका विभिन्न ठाउँबाट आएका बिरामी उपचारबिनै फर्किन बाध्य भएका छन्। चिकित्सक बस्ने कार्यकक्ष पनि बन्द गरिएको छ।

प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले भने घटनाबारे यथार्थ बुझ्ने काम भइरहेको बताउनुभयो।

# कटुवा पिस्तोल र दुई थान म्याग्जिनसहित दुई पक्राउ

काठमाडौँ, १६ असार (रासस)।

प्रहरीले सोमबार एक थान कटुवा पिस्तोल र सोको दुई थान म्याग्जिनसहित दुई जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा महोत्तरीका २९ वर्षीय सुरेशकुमार राम तथा सोही ठाउँका २६ वर्षीय दिनेशकुमार राम रहेका जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “सोमबार दिउँसो काठमाडौँ महानगरपालिका-८ तिलगङ्गामा हतियार लुकाइछिपाई राखेको भन्ने सूचनाका आधारमा काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरी र प्रहरी वृत्त गौशालाबाट खटिएको टोलीले उनीहरूलाई पक्राउ गरेको हो।”

पक्राउ परेकाहरूले आफ्नो कोठामा लुकाइछिपाई राखेको अवस्थामा उक्त पेस्तोल र म्याग्जिन, एक थान डोफेन्गो रेडियो सेट, रेडियो सेटको ब्याट्री १५ थान, खुकुरी एक थान तथा तीन थान मोबाइललगायत सामान नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको प्रवक्ता बोहराले बताउनुभयो।

### जिल्ला प्रशासन ...

कडोरवोना बस्ने ६६ बर्षीय बहादुर पासवान पक्राउ परेका हुन्।

दुई दिन अघि सोही कार्यालयमा नागरिकता बनाउन आएका राजविराज नगरपालिका २ का चन्देश्वर नौनियाको पनि ५ हजार एक सय रुपैयाँ पाकेटमारी भएको थियो।

जिल्ला प्रशासन कार्यालयमा लगाइएको सिसि क्यामेराको दुई दिन अघिको फुटेज हेर्दा नौनियाँको पनि पासवानले नै पाकेटमारी गरेको खुलेको छ।

दुवैजना पीडितको उजूरीको आधारमा पक्राउ परेका पासवानलाई सोमबार नै आवश्यक कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय पठाइएको प्रमुख जिल्ला अधिकारी भोला दाहालले जानकारी दिए।

पक्राउ परेका पासवानलाई नियन्त्रणमा राखि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

### ग्यास चुलो ...

साथै स्वस्थ्य जिवन शैलीको शुरुवात पनि हुने बताए।

पलिकाको सानो सहयोगले महिलाको अवस्थामा सुधार आउनुका साथै धुवाँ मुक्त समाज बनाउनमा ठुलो सहयोग पुगेको स्थानिय अनिता देवी साहको भनाई छ।

# विश्व समाचार

## पाकिस्तानमा बाढीका कारण ४५ जनाको मृत्यु

इस्लामाबाद, १६ असार (रासस/क्यूएनए)।

पाकिस्तानमा मनसुनी बर्षापछि आएको बाढीका कारण बालबालिका सहित कम्तीमा ४५ जनाको मृत्यु भएको छ। बाढीका कारण उत्तरपश्चिम पाकिस्तानको अफगानिस्तानसँगको सिमानामा अवस्थित खैबर पख्तुनख्वा प्रान्तमा सवैभन्दा बढी मृत्यु भएको रेकर्ड गरिएको छ। त्यहाँ बाढीका कारण १० बालबालिकासहित २१ जनाको मृत्यु भएको छ। राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणले स्वात उपत्यकामा छ जना बालबालिकासहित १४ जनाको मृत्यु भएको जनाएको छ। भारतको पूर्वी क्षेत्रमा रहेको पाकिस्तानको पन्जाब प्रान्तमा गत बुधबारदेखि १३ जनाको मृत्यु भएको रेकर्ड गरिएको छ। पीडितमध्ये आठ जना बालबालिका रहेको र जसमध्ये सबैको घरको छत वा पर्खाल खस्दा मृत्यु भएको थियो। पन्जाबका नदीहरूमा आकस्मिक बाढीबाट ३९ जना घाइते भएको जनाइएको छ। पाकिस्तानको मौसम विभागले कम्तिमा जुलाई ६ सम्म भारी बर्षा र आकस्मिक बाढीको जोखिम उच्च रहने चेतावनी दिएको छ। गत मे महिनामा पाकिस्तानमा आएको भयानक आँधीबेहरीमा ३२ जनाको मृत्यु हुनुका साथै १५० भन्दा बढी घाइते भएका थिए।

## पुटिन युक्रेनको ‘आत्मसमर्पण’ चाहनुहुन्छ : जर्मन विदेशमन्त्री

फ्रयाङ्कफर्ट, जर्मनी, १६ असार (रासस/एएफपी)।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनले आत्मसमर्पण गरोस् भन्ने चाहेको जर्मनीका उच्च कूटनीतिज्ञले सोमबार बताउनुभएको छ। तीन वर्षभन्दा लामो युद्ध अन्त्यका लागि रोकिएको शान्ति वार्ताबीच ‘पुटिनले आफ्ना कुनै पनि अधिकतमवादी मागलाई त्याग्न तयार भइरहनुभएको छैन। उहाँ वार्ता चाहँनुहुन्न, यूक्रेनको आत्मसमर्पण चाहनुहुन्छ,” जर्मनीका विदेशमन्त्री जोहान बेडफुलले युक्रेनको राजधानी किएभको अघोषित भ्रमणको क्रममा भन्नुभयो। “युक्रेनको स्वतन्त्रता र स्वाधिनता विदेश र सुरक्षा नीतिको सबैभन्दा महत्वपूर्ण कार्य हो,” बेडफुलद्वारा हस्ताक्षरित जमनीको विदेश मन्त्रालयद्वारा जारी गरेको विज्ञप्तिमा भनिएको छ। उहाँले भन्नुभयो, “रुसले लाखौं अतिरिक्त जीवनको मूल्य चुकाएर पनि हाम्रो समर्थन कमजोर पार्ने कुरामा सट्टेबाजी गरिरहेको छ र कुनै पनि मूल्यमा बिजय हासिल गर्न चाहन्छ र आत्मसमर्पण गराउन चाहन्छ, ।”

## भारत जाने विमानमा फेरि सर्प

नयाँदिल्ली, १६ असार (रासस/एएफपी)।

मुम्बईका भारतीय भन्सार अधिकारीहरूले थाइल्यान्डबाट आएका एक बिमान यात्रुलाई जीवित सर्पहरूसहित साथ रोकेको बताएका छन्। यो महिनाको तेस्रो यस्तो जफत हो। “भन्सार अधिकारीहरूले... थाइल्यान्डबाट फर्केका यात्रुबाट जफत गरिएका १६ वटा जीवित सर्पसहित वन्यजन्तु तस्करीको अर्को प्रयासलाई विफल तुल्याएका छन्”, भारतीय वित्तीय केन्द्रको विमानस्थलमा भन्सार अधिकारीहरूले भने। आइतबार आइपुगेका यात्रुलाई पक्राउ गरिएको छ। भन्सार एजेन्सीले एक विज्ञप्तिमा भन्यो, “थप अनुसन्धान भइरहेको छ।” जीवित सर्पहरूमा प्राय: घरपालुवा जनावरको व्यापारमा बेचिने सरीसृपहरू समावेश थिए र धेरैजसो विषरहित वा मानिसहरूलाई असर गर्नसक्ने बिष धेरै कमजोर थियो। तीमध्ये गार्टर सर्प, राइनो र्‍याट सर्प र केन्याली स्यान्ड बोआ पनि थिए। जुनको सुरुमा भन्सार अधिकारीहरूले थाइल्यान्डबाट आएका दर्जनौँ बिषालु भाइपर तस्करी गर्ने यात्रुलाई रोकेका थिए। केही दिनपछि अधिकारीहरूले छेपारो, सनबर्ड र रूख चढ्ने पोसमसहित एक सय वटा जीव बोकेका अर्का यात्रीलाई रोकेका थिए। जङ्गली जनावर र बोटबिरुवाको तस्करीसँग लड्ने वन्यजन्तु व्यापार मोनिटर ट्राफिकले विदेशी घरपालुवा जनावरको व्यापारद्वारा सञ्चालित तस्करीमा ‘धेरै चिन्ताजनक’ प्रवृत्तिको चेतावनी दिएको छ। पछिल्लो साढे तीन बर्षमा थाइल्यान्ड-भारत हवाई मार्गमा सात हजारभन्दा बढी जीवित र मृत जनावर जफत गरिएको छ।

## हडताल समाप्त भएपछि बङ्गलादेशको सबैभन्दा ठूलो बन्दरगाह पुन: सञ्चालनमा

ढाका, १६ असार (रासस/एएफपी)।

भन्सार अधिकारीहरूले करिब ४८ घण्टासम्म सामानको निर्यात र आयातमा बाधा पुऱ्याएको हडताल फिर्ता लिएपछि बङ्गलादेशको सबैभन्दा ठूलो बन्दरगाहले सोमबार पुन: सञ्चालन सुरु गरेको छ। संयुक्त कर आयुक्त र एनबिआर सुधार एकता परिषद्की सचिव सेहेला सिद्दिकाले चटगाँव र अन्य सबै बन्दरगाहमा गतिविधिहरू पुन: सुरु भएको पुष्टि गर्नुभयो। “बन्दरगाहहरू अहिले पूर्ण रूपमा सञ्चालनमा छन् र देशभर सञ्चालन भइरहेका छन्”, सिद्दिकाले भन्नुभयो, “सबै कर्मचारी काममा फर्केका छन्।” देशको कर सङ्कलन प्राधिकरण राष्ट्रिय राजस्व बोर्ड (एनबिआर) का कर्मचारीहरूको एउटा बर्गले एजेन्सीमा सुधार गर्ने अन्तरिम सरकारको कदमको विरोधमा एक महिनाभन्दा बढी समयदेखि विरोध प्रदर्शन गर्दै आएको छ। सरकारको प्रस्तावमा एनबिआर खारेज गरेर कर नीति निर्माण र कर सङ्कलनलाई नियन्त्रण गर्न दुईवटा छुट्टै निकाय स्थापना गर्ने समावेश छ। सप्ताहन्तमा, केही एनबिआर कर्मचारीले भन्सार लगायत विभिन्न विभागमा काम रोक्दै ‘पूर्ण बन्द’ सुरु गरे। सरकारले कडा कारबाहीको धम्की दिएपछि कामदारहरूले काम पुन: सुरु गरे। व्यापारिक समूहहरूको मध्यस्थतामा एनबिआर कर्मचारी र अर्थ मन्त्रालयबीच घण्टौँको गहन वार्तापछि आइतबार राति गतिरोध समाप्त भयो। एनबिआरका वरिष्ठ अधिकारी हसन मुहम्मद तारिक रिकाबदारले सरकारको सकारात्मक प्रतिबद्धतापछि हडताल फिर्ता लिएको बताउनुभयो। “राजस्व व्यवस्थापनमा सुधारका लागि सल्लाहकार समिति गठन गर्ने सरकारको निर्णयलाई हामी स्वागत गर्दछौँ र यसमा सक्रिय रूपमा सहभागी भएर प्रक्रियामा योगदान गर्ने आशा गर्दछौँ”, उहाँले आइतबार राति पत्रकारहरूलाई भन्नुभयो। यसैबीच, भ्रष्टाचार निवारण आयोग (एसिसी) ले गैरकानूनी सम्पत्ति जम्मा गरेको आरोपमा रिकाबदार सहित छ जना एनबिआर अधिकारीविरुद्ध अनुसन्धान सुरु गरेको छ।

# भन्सार छलेर ल्याउँदै गरेको सूर्तीजन्य पदार्थसहित अन्य सामानहरु बरामद




**दैनिक समाचारदाता राजविराज, १६ असार ।** सप्तरी प्रहरीले जिल्लाको विभिन्न स्थानबाट भारतबाट अवैध रुपमा भन्सार छलेर ल्याउँदै गरेको दुई लाख भन्दा बढीको सुर्तीजन्य पदार्थ, अन्य सामाग्रि तथा कपडा बरामद गरेको छ ।

प्रहरीले जिल्लाको विष्णुपुर गाउँपालिका १ खुरहुरियास्थित सडक खण्डमा २ बोरा ३० किलो खैनी, २४ थान भांग, १ बोरा सर्फ, दुई थान इस्टेपलाइजर लोड गरि ल्याउँदै गरेको स.७प. ४३९९ नम्बरको मोटरसाइक्ल समेतलाई नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार प्रहरीको गस्ती टोलीलाई देखे बित्तिकै मोटरसाइकल चालक सामानहरु छोडेर भोगेपछी मोटरसाइकलसहित एक लाख ९७ हजार ६ सय ४० रुँपैया मुल्याङ्कन गरि ती सामानहरु नियन्त्रणमा लिई आवश्यक कारवाहीका लागि राजबिराज भन्सार कार्यालयमा बुझाइएको छ ।

त्यस्तै प्रहरीको गस्ती टोलीले जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका १४ रम्पुरा मल्हनिया बेरियाघाटमा भारतबाट अवैध रुपमा भन्सार छलेर ल्याउँदै गरेको ५० थान सुती साडी र २० थान गम्छा समेत बरामद गरेको छ ।

प्रहरीको गस्ती टोलीलाई देख्ने बित्तिकै बोरा छोडी मानिसहरु फरार भएपछी करिब २७ हजार मुल्य पर्ने ती कपडाहरु नियन्त्रणमा लिई भन्सार कार्यालय बुझाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# चोरी मुद्दाका दुई फरार अभियुक्त कारागार चलान

**दैनिक समाचारदाता राजविराज, १६ असार ।** जिल्ला प्रहरी कार्यालय सप्तरीले अदालतबाट कैद सजाय तोकी फरार रहेका दुई जना अभियुक्तलाई सोमबार पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा चोरी मुद्दाका राजविराज नगरपालिका १३ का दिपेन्द्र प्रसाद देव र वडा नं. १५ का प्रमोद भन्ने कारी यादव छन् । चोरी मुद्दामा देवलाई सप्तरी जिल्ला अदालतले २७ दिन तथा यादवलाई एक महिना ६ दिन कैद सजाय तोकेको थियो ।

जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी कार्यालयहरुबाट खटिएको प्रहरी टोलीले सोमबार सप्तरी जिल्ला अदालतबाट चोरी मुद्दामा फैसला भई कैद सजाय तोकिएका दुई जनालाई पक्राउ गरेको हो ।

अदालतको फैसलापछी फरार रहेका उनीहरुलाई खोजतलासका क्रममा गाउँ घरमा लुकीछिपी बसेको अवस्थामा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

पक्राउ परेकाहरुलाई अदालतमा उपस्थित गराउँदा आदेशानुसार कैद सजाय भुक्तानका लागि राजविराज कारागार चलान गरिएको प्रहरीले जनाएको छ ।

# किसानलाई ३६ करोड ३९ लाखको रासायनिक मल बिक्री

धनुषा, १६ असार (रासस) । कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधाम शाखाले चालु आर्थिक वर्ष २०८१/८२ को हालसम्म रु ३६ करोड ३९ लाख ६३ हजारको रासायनिक मल बिक्री वितरण गरेको छ । कम्पनीका अनुसार हालसम्म रु १४ करोड ३० लाख २२ हजारको युरिया, रु २२ करोड २४ लाख ६५ हजारको डिएपी र रु ८४ लाख ७५ हजारको पोटास बिक्री वितरण गरेको कार्यालयका निमित्त कार्यालय प्रमुख बेचन साहले बताउनुभयो ।

कार्यालयका अनुसार आव २०८१/८२ देखि हालसम्म कम्पनीले आठ हजार एक सय ७२ मेट्रिकटन युरिया प्राप्त गरेको प्रमुख साहले भन्नुभयो । यसैगरी डिएपी पाँच हजार दुई सय ५८ मेट्रिकटन र पोटास दुई सय ९७ मेटन प्राप्त गरेको हो ।

प्रमुख साहका अनुसार प्राप्त रासायनिक मलबाट कम्पनीले हालसम्म युरिया आठ हजार चार सय आठ दशमलव एक सय ५० मेट्रिकटन, डीएपी चार हजार आठ सय ३५ दशमलव एक सय ५० मेट्रिकटन र पोटास दुई सय ४९ दशमलव दुई सय मेट्रिकटन मलखाद्य बिक्री वितरण गरिएको छ ।

प्रमुख साहका अनुसार गत वर्षको बाँकी मौज्दात युरिया ९६२ दशमलव पाँच सय मेट्रिकटन, डीएपी ८३ दशमलव सात सय ५० मेट्रिकटन र पोटास ९८ दशमलव पाँच सय मेट्रिकटन रहेको थियो ।

कार्यालयका अनुसार चालु आर्थिक वर्षमा युरियाप्रति बोरा रु आठ सय ५०. ५० पैसा, डिएपी रु २३ हजार र पोटास रु १७ हजार बिक्री मूल्य रहेको निमित्त प्रमुख बेचन साहले जानकारी दिनुभयो ।

कृषि सामग्री कम्पनी लिमिटेड जनकपुर शाखाले धनुषा जिल्ला र महोत्तरी जिल्ला गरी दुई सय नौ डिलरमार्फत उक्त मल वितरण गर्दै आएको छ । मलखाद्य निर्देशिका, २०७७ बमोजिम प्रत्येक पालिकामा स्थानीय मलखाद्य वितरण व्यवस्थापन समिति छ । उपमेयर वा उपाध्यक्षको प्रमुख संयोजक र सदस्यमा प्रशासकीय अधिकृत, कृषि शाखा प्रमुख कृषि सदस्य सचिव रहेको समितिले रासायनिक मलको दर रेट, कालो बजारी नियन्त्रण, बिक्री वितरण व्यवस्थापन गर्ने जिम्मा लिएको छ ।

प्रदेश भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालय बाट सम्बन्धित जिल्लामा पर्ने पालिकाले तोकेको कोटा बमोजिम कृषि सामग्री कम्पनी लिमिटेड डिलरमार्फत मलखाद्य दिने गरेको साहले भन्नुभयो । प्राप्त विवरणअनुसार हालसम्ममा डिएपी मलको कोटा थप गरिने निर्णय भई आउने तरखरमा रहेको प्रमुख साहको भनाइ छ । धान, गहुँ मकैका साथै तेलहन बालिका लागि सो मल बिक्री वितरण गरिएको छ ।

***राजगढमा ...***

सोमबार उक्त सभागृहको छत ढलान कार्यको शुभारम्भ गरिएको छ । ढलान कार्यको शुभारम्भ गर्दै गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलले सभागृह नहुँदा बिभिन्न कार्यक्रम आयोजना गर्न समस्या भएकाले सुविधा सम्पन्न सभागृह बनाउन लागिएको बताए ।

दुईसय जना अटाउने क्षमता भएको सभागृहमा क्यान्टिन, खानेपानी, पार्किङ्ग लगायतका सुविधा रहने प्रमुख प्रशासकीय अधिकृत सरोज झाले जानकारी दिए ।

सो अवसरमा गाउँपालिका उपाध्यक्ष रेणु मंण्ल, लेखा अधिकृत लिला कार्की, राष्ट्रिय मुक्ति पार्टीका राजनीतिक समिति सदस्य गजेन्द्र मण्डल, वडाध्यक्ष अशोक साह लगायतको उपस्थिति थियो ।

# युवाहरूका विचारलाई हौसला र व्यावहारिक रुपान्तरण दिनु आजको आवश्यकता : उपराष्ट्रपति यादव

काठमाडौं, १६ असार (रासस) । उपराष्ट्रपति रामसहायप्रसाद यावदले युवाहरूका विचारलाई हौसला दिनु र व्यावहारिक रुपान्तरण दिनु आजको आवश्यकता भएको बताउनुभएको छ ।

सोमबार राष्ट्रिय युवा परिषद्ले यहाँ आयोजना गरेको 'युवा उद्यमशीलता प्रवर्द्धन सम्मेलन' लाई सम्बोधन गर्नुहुँदै उपराष्ट्रपतिले युवाहरूको सशक्त आवाजलाई नीति निर्माणको मूलधारमा समावेश गर्न सक्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "युवाहरूको सोच, दृष्टिकोण र नविन विचारहरूलाई आत्मसात् नगरी हामी समृद्ध नेपालको कल्पना गर्न सक्दैनौं । उनीहरू परिवर्तनका संवाहक हुन् ।"

यसैगरी उपराष्ट्रपति यादवले हालको परिस्थितिमा युवाहरूको ऊर्जा, जोश र नवप्रवर्तनशील क्षमतालाई सहि दिशा दिनु सबै तह र तप्काका नेतृत्वकर्ताहरूको दायित्व भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "युवाहरू उज्यालो भविष्यका सुनिश्चितता हुन् । उनीहरूका क्षमता र नवप्रवर्तनशीलतालाई सही दिशा दिनु सबै तहका नेतृत्वकर्ताको दायित्व हो । हाम्रो जस्तो मुलुकमा युवाहरूको ऊर्जा र नविन धारणा निकै महत्वपूर्ण छन् ।"

समृद्ध राष्ट्र निर्माणमा युवाको खाँचो रहेकाले युवाहरूको ऊर्जा, जोश र नवप्रवर्तनशील क्षमतामा सबैको सकारात्मक सोच र आवश्यकता अपरिहार्य रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "युवाहरूका आवाजलाई नीति निर्माणमा समावेश गर्न सबैको ध्यानाकर्षण हुन जरुरी छ । समृद्ध राष्ट निर्माणमा युवाहरूको खाँचो रहेको छ ।"

यसैगरी, खेलकुदमन्त्री तेजुलाल चौधरीले नेपालका युवा उद्यमी बन्न चाहने युवाहरूलाई मन्त्रालयले ऋण सहयोगदेखि अन्य आवश्यक पर्ने चिजहरूमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले भन्नुभयो, "युवाहरूलाई सहुलियत पूर्ण कर्जा प्रदान गर्न र उनीहरूलाई उद्यमी बनाउनका लागि म पूर्णरूपमा लागि परेको छु । युवाहरूलाई मेरो पूर्ण साथ र सहयोग रहने छ ।"

# मधेसमा ८६ लाख वृक्षरोपण गरिने

जनकपुरधाम,१६ असार (रासस) । मधेस प्रदेश सरकारले चुरेक्षेत्रको विनास रोक्न तथा पर्यावरणको सुरक्षाका लागि वृक्षरोपण अभियान सुरु गर्ने भएको छ । अभियानअन्तर्गत मधेस प्रदेश सरकारले ८६ लाख बिरुवा रोपिनेछ ।

प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालयका सचिव उद्धवबहादुर घिमिरेले उक्त अभियानअन्तर्गत प्रदेशका सडकपेटीमा मात्र चार लाख बिरुवा रोप्ने लक्ष्य रहेको जानकारी दिनुभयो । "चालु आर्थिक वर्षमा ५० किमी सडकपेटी तथा २७८ हेक्टर क्षेत्रफलमा वृक्षरोपण हुनेछ," घिमिरे भन्नुभयो ।

मन्त्रालयबाट प्राप्त जानकारीअनुसार ८६ लाख बिरुवामध्ये ६२ लाख बिरुवा प्रदेश सरकारको बजेटबाट तथा बाँकी सङ्घीय सरकारको ससर्त अनुदानमार्फत उत्पादन गरिने बताइएको छ । ती बिरुवाहरू सर्वसाधारणलाई निःशुल्क रूपमा वितरण गरिने उहाँको भनाइ छ ।

उत्पादन भएका बिरुवामध्ये करिब आठ प्रतिशत बिरुवा सरकारी वनक्षेत्र तथा डिभिजन वन कार्यालयको मातहत रहने क्षेत्रमा रोपिने छ भने बाँकी ८० प्रतिशत बिरुवा निजी जग्गामा रोपिने छ । यसमार्फत हरियाली विस्तारसँगै वातावरणीय सन्तुलन कायम गर्ने सरकारको दिगो लक्ष्य छ ।

यस अभियानले वनजङ्गलको संरक्षण, चुरेक्षेत्रको संरक्षण हुने, नदी तथा भूमि कटान रोकथाम हुने र पर्यावरण सुरक्षा तथा सुधारमा सकारात्मक योगदान पुग्ने प्रदेश सरकारको विश्वास छ ।

डिभिजन वन कार्यालय धनुषा जनकपुरधामका वन अधिकृत अनिल साहका अनुसार धनुषा जिल्लाअन्तर्गत जनकपुर-ढल्केवर सडक खण्डको दुवै क्षेत्रको पेटीमा चार हजार ४०० बिरुवा रोप्न सुरु भइसकेको छ ।

**प्लास्टिक प्रयोगमा कटौती गरौं**

**प्लास्टिक प्रयोगलेः**
- ❖माटोको उर्वरा शक्ति घटाउँछ,
- ❖पानी प्रदूषण हुन्छ,
- ❖पशुले प्लास्टिक खाएमा मृत्यु हुन्छ,
- ❖मानव स्वास्थ्यमा हानी पुऱ्याउँछ,
- ❖प्राकृतिक सौन्दर्यता नष्ट हुन्छ,

**त्यसैले,**
- ❖प्लास्टिकका झोलाको सट्टा कपडाको झोलाको प्रयोग गरौं,
- ❖प्लास्टिकका भाँडाको सट्टा स्टिल, काँच र बाँसका सामग्री प्रयोग गरौं,
- ❖प्लास्टिकजन्य फोहोर सही तरिकाले व्यवस्थापन गरौं,
- ❖"प्लास्टिकमुक्त" अभियानमा सहभागी बनौं,

**"वातावरणको संरक्षण गरौं"**

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*